प्रस्तावहरु :

१. ग्राभेल र Backhoe Loader को दररेट कायम गर्ने सम्वन्धमा ।

२. माई मेला ठेक्का सम्वन्धमा ।

३. आदर्श विद्यालयको जग्गा लिज सम्वन्धमा ।

४. मेयर आवस योजनाको कार्यविधि सम्वन्धमा ।

५. विविध

निर्णय न. १.

प्रस्ताव नं. १ मा छलफल गर्दा यस कर्यालयले चालु आर्थिक बर्षको लागि ग्राभेल खरिद र Backhoe loader भाडाको दर रेट कायम गर्न मिति २०७४/०८/२८ गते पन्ध्र दिने सूचना जारी गरिएको र सो तोकिएको अवधि भित्र प्राप्त भएका दर रेटहरु खोली विश्लेषण गर्दा हाल यस नगरपालिकाले कायम गरेको ग्राभेल खरिद र Backhoe Loader भाडा दर रेट भन्दा अस्वभाविकरुपमा बढी रहेको पाइएकोले यो दररेट कायम गर्ने प्रकृया नै खारेजी गर्ने र निन्दा खोला र टिमाई खोलाको ग्राभेल तोकिएको मापदण्ड बमोजिम हुने पाइएकोले सो ग्राभेलको प्राविधिक विश्लेषण गर्दा प्रति घनमिटर रु. ६२५।- हुन आएकोले सोही दर रेट कायम गर्ने निर्णय गरीयो ।

निर्णय नं. २

प्रत्येक बर्ष झैं यस बर्ष पनि पुस २८ गते देखि माघ २ गते सम्म लाग्ने माई धार्मिक मेला ठेक्का लगाउन सूचना आव्हान भएको तर तोकिएको म्याद भित्र कुनै पनि प्रस्ताव प्राप्त नभएकोले पुन ७ दिनको म्याद दिएर सूचना प्रकाशन भएकोमा सो म्याद भित्र पनि कुनै प्रस्ताव प्राप्त हुन नसके नियमानुसार बोलकबोल विधि मार्फत उच्च अंक बोलकबोल गर्नेसंग ठेक्का संझौता गर्ने निर्णय गरियो

निर्णय नं. ३

यस नगरपालिकाको वडा नं. ९ मा रहेको श्री आदर्श विद्या मन्दिर माध्यमिक विद्यालयले उक्त विद्यालयको स्वामित्वमा रहेको घैलाडुब्बा बजारक्षेत्र लिजमा दिने सम्वन्धमा यस नगरपालिकालाई पत्र पठाएकोले सो सम्वन्धमा विस्तृत अध्ययन गरी १५ दिन भित्र प्रतिवेदन पेश देहाय बमोजिमको अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री प्रेम प्रसाद राजवंशी | वडाअध्यक्ष ९ | संयोजक |
| श्री प्रेम वहादुर कटुवाल | वडा अध्यक्ष ८ | सदस्य |
| श्री लक्ष्मी प्रसाद ओली | वडाअध्यक्ष ६ | सदस्य |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ मा छलफल गर्दा चालु आर्थिक बर्षमा सन्चालनमा आउने मेयर आवास कार्यक्रम व्यवस्थितरुपमा सन्चालन गर्न सन्चालन कार्यविधि निर्माण गर्न देहाय बमोजिमको समिति निर्माण गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री गोविन्द पौडेल | वडा अध्यक्ष ४ | संयोजक |
| श्री लिला वहादुर कन्दङ्गवा | वडा अध्यक्ष ७ | सदस्य |
| श्री सुनिता खरेल | कार्यपालिका सदस्य | सदस्य |

**निर्णय नं. ५**

यस नगरपालिकाको वडा नं. ९ को गोकुल जोशी मार्गमा पर्ने कल्भर्ट स्लाप निर्माणको लागि विनियोजित रकम रु.४,९७,१००।– बाट उक्त कल्भर्ट निर्माण गर्दा अधुरो हुने भएकोले थप रकम रु. १,१२,४००।– खर्च गरी सम्वन्धित उपभोक्ता समितिले सो कल्भर्ट निर्माण सम्पन्न भएको र प्राविधिकबाट समेत कार्य सम्पन्न मूल्याङ्कन समेत भएको हुनाले सो नपुग रकम व्यवस्था मिलाई दिन उपभोक्ता समिति बाट निवेदन पेश भएकोले सो कल्भर्ट निर्माण गर्दा नपुग रकम आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

नगरक्षेत्र भित्र दैनिक उत्पादन हुने फोहोरमैलालाई नियामानुसार बर्गिकरण गर्न नागरिक जागरण अभियान थालनी गरी वायोग्यास उत्पादनका लागि आवश्यक कार्य गर्न वैकल्पिक उर्जा प्रवर्धन केन्द्रलाई सहकार्यको लागि अनुरोध गर्ने निर्णय गरियो ।